गाउँ सभाबाट स्वीकृत मिति : २०७६/१०/१९

कैलारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हसुलिया, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

## कैलारी स्वरोजगार विकास कोष व्यवस्था गर्न बनेको ऐन, २०७६

# कैलारी स्वरोजगार विकास कोष व्यवस्था गर्न बनेको ऐन, २०७६

प्रस्तावनाः पूँजी, सीप एवं लगानीका स्रोतको अभाव भएका बेरोजगार जनशक्तिलाई सीप सिकाई उद्यमशीलताको विकास, उत्पादनमा बृद्धि गरी आत्मनिर्भर अर्थतन्त्र निर्माणमा योगदान दिनको लागि श्रमप्रतिको सम्मान गर्ने जनशक्ति निर्माण गर्दै बिनाधितो सहुलियत दरमा कर्जा प्रवाह गरी स्वदेशमै स्वरोजगार बनाउन र कैलारी गाउँपालिकामा गरिबी निवारण तथा आर्थिक समानता कायम गर्न बान्छनीय भएकोले नेपालको संविधानको धारा १९७ स्थानीय सरकार संचालन ऐन, २०७४ तथा स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन, २०७५ को दफा ३ को २ बमोजिम यो ऐन बनाई लागु गरेको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो ऐनको नाम "कैलारी स्वरोजगार विकास कोष ऐन, २०७६" रहेको छ।

(२) यो ऐन गाउँसभाबाट पारित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) "ऋणी" भन्नाले कोषबाट कर्जा लिने उद्यमी, समूह वा सहकारी संस्थालाई जनाउनेछ।

(ग) "सदस्य सचिव" भन्नाले दफा१५ बमोजिमको सदस्य सचिव सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले कैलारी गाउँ कार्यपालिकाको कार्यालयलाई जनाउनेछ।

(ङ) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको कैलारी स्वरोजगार विकास कोष सम्झनुपर्छ।

(च) "खुद्रा कर्जा कारोबार" भन्नाले कोषको कार्यालयबाट सोझै उद्यमी वा समूह विशेषलाई प्रदान गरिने कर्जा सम्झनु पर्छ।

(छ) "तालिम दिने निकाय वा संस्था" भन्नाले कैलारी गाउँपालिकाबाट प्रदान गरिने कर्जाबाट सञ्चालन गरिने व्यवसाय सञ्चालनका लागि तालिम प्रदान गर्ने निकाय वा संस्था सम्झनु पर्छ ।

(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा कार्यविधि वा निर्देशिका सम्झनु पर्छ ।

(झ) "थोक कर्जा कारोबार" भन्नाले यस कोषबाट संस्थागत रुपमा कर्जा प्राप्त गर्ने सहकारी संस्था कोषले तोकेको अन्य संस्था सम्झनु पर्छ ।

(ञ) "बेरोजगार" भन्नाले कुनै पनि पेशा व्यवसायमा संलग्न रहेको तथा कुनै पनि आय आर्जन गर्ने काममा संलग्न नभएको व्यक्ति सम्झनु पर्छ।

(ट) "बैंक तथा वित्तीय संस्था" भन्नाले नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त "क","ख","ग" र "घ" वर्गको बैंक तथा वित्तीय संस्था सम्झनु पर्छ ।

(ठ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्दछ र सो शब्दले समितिको अध्यक्ष समेतलाई जनाउँछ।

(ड) "समिति" भन्नाले दफा ६ बमोजिमको कोष संचालक समिति सम्झनु पर्छ।

(ढ) "सहकारी संस्था" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता नभएको सहकारी संस्था सम्झनु पर्छ र सो शब्दले सहकारी बैंक समेतलाई जनाउँछ।

(ण) "समूह" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता समूह सम्झनु पर्दछ ।

(त) "उद्यमी" भन्नाले व्यवसाय संचालन गर्न दर्ता नभएका इच्छुक व्यक्ति वा समूहलाई सम्झनु
पर्दछ ।

## परिच्छेद–२
## कोषको स्थापना र उद्देश्य

३. कोषको स्थापनाः (१) कैलारी स्वरोजगार विकास कोष नामको एक कोष स्थापना गरिनेछ।

४. कोषको उद्देश्यः (१) कोषको उद्देश्य देहाय बमोजिम हुनेछः–

(क) व्यावसायिक खेती तथा पशुपन्छी पालन, कृषि, बनजन्तु तथा खानीजन्य उद्योग आदि विषयमा तालिम प्रदान गर्ने गराउने तालिम प्राप्त उद्यमीलाई ऋण उपलब्ध गराउने,

(ख) मोटरसाइकल, साईकल, रिक्सा, अटोरिक्सा, ई–रिक्सा, ठेलागाडा,मोबाईल आदि मर्मत लगायतका सेवामूलक स्वरोजगार कार्यक्रमका लागि ऋण उपलब्ध गराउने,

(ग) इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स, फर्निचर निर्माण, फर्निसिंग, मार्बल, टायल बिछ्याउने तथा प्लम्बिंग एवम साना तथा घरेलु व्यवसाय एवं पसल संचालन लगायतका सेवामूलक स्वरोजगार कार्यक्रमका लागि ऋण उपलब्ध गराउने,

(घ) परम्परागत सीप र स्थानीय साधन स्रोतको प्रयोग गरी स्वरोजगार कार्यक्रम संचालन गर्नका लागि ऋण उपलब्ध गराउने,

(ङ) द्वन्दपीडित, अपाङ्ग, घाइते व्यक्ति, वेपत्ता तथा शहीद परिवार, एकल महिला, उत्पीडित जाति, जनजाती, दलित, लोपोन्मखु जाति र पिछडिएको क्षेत्र तथा महिलालाई प्राथमिकतामा राखी ऋण लगानी गर्ने,

(च) स्वरोजगार हुन ईच्छुक बेरोजगारहरुलाई तालिम प्रदान गर्ने,

(छ) एक घर एक रोजगारी सम्बन्धी परियोजनामा लगानी गर्ने,

(ज) कोषले सहकारी संस्था वा कोषले तोकेका अन्य संस्था मार्फत स्वरोजगार कार्यक्रममा लगानी गर्ने सहयोगी संस्थाहरुको संयन्त्र निर्माण गर्ने,

(झ) कोषको उद्देश्य प्राप्त गर्न सरकारी, गैरसरकारी, सहकारी र अन्तराष्ट्रिय संघ, संघसंस्थासँग सहकार्य गर्ने,

(ञ) कोषले थोक र खुद्रा कर्जामा लगानी गर्ने,

(ट) आर्थिक तथा सामाजिक रुपले पिछडिएका र गिरबीको रेखामुनी रहेका व्यक्ति, परिवार वा समुदायको पहिचान गरी तिनीहरुको आर्थिक तथा सामाजिक स्तर अभिबृद्धि गर्न तालिम संचालन गर्ने सीप र सिकाई स्वरोजगार बनाउन ऋण लगानी गर्ने,

(ठ) कृषि, पशुपंक्षी, माछा पालन, सिलाई बुनाई, स्थानीय स्रोत, जडिबुटी संकलन तथा प्रशोधन, पर्यटन व्यवसाय र कच्चा पदार्थमा आधारित घरेलु तथा साना लघु उद्योग जस्ता व्यवसाय गर्न ऋण लगानी गर्ने,

(ड) कोषले तोकेको अन्य कार्यक्रममा थोक वा खुद्रा कर्जा लगानी गर्ने,

(ढ) कोषले थोक तथा खुद्रा कर्जा लगानी गर्दा तोकिए बमोजिमको ब्याजदर निर्धारण गर्ने,

(ण) कोषको उद्देश्य अनुसार काम गर्ने व्यक्तिलाई सहुलियत ब्याजदरमा सामुहिक जमानीमा वा सक्कल शैक्षिक प्रमाणपत्र धितो राखी तोकिएको रकमसम्म आवधिक ऋण उपलब्ध गराउने,

(त) कोषको उद्देश्य कार्यान्वयन गर्न आवश्यक तालिम सञ्चालन गर्ने गराउने,

(थ) कार्यक्रमहरुको प्रवर्द्धनका लागि आवश्यक अभिमुखीकरण कार्यक्रम संचालन गर्न तथा स्वयमसेवकहरुको परिचालन एवं नियुक्ति गर्ने,

(द) यस संस्थाको उद्देश्यसंग मेलखाने अन्य संघसंस्थासंग सहकार्य गर्ने,

(ध) कोषले परियोजरनाको आधारमा ऋण लगानी र ऋणको रकम निर्धारण गर्ने र अन्य आवश्यक कार्य गर्ने गराउने।

## परिच्छेद–३

## कोषको स्रोत व्यवस्थापन

५. कोषले आर्थिक स्रोत जुटाउन सक्नेः

(१) कोषले विदेशी सरकार वा संस्था, अन्तराष्ट्रिय संस्था वा निकाय वा विदेशी कम्पनी वा व्यक्तिसँग नेपाल सरकारको स्वीकृति प्राप्त गरी आर्थिक स्रोत जुटाउन सक्नेछ।

(२) कोषमा नेपाल सरकार, प्रदेश सरकार र उपदफा (१) बमोजिम प्राप्त हुने सहयोग वा अनुदानको रकम गाउँपालिकाको बजेटमा समावेश गरी कोषलाई अनुदानको रुपमा उपलब्ध गराउनु पर्नेछ।

(३) कोषमा देहाय बमोजिम आर्थिक स्रोत रहनेछः–

(क) गाउँपालिकाले विनियोजन गरेको रकम

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) नेपाल सरकारबाट प्राप्त रकम,

(घ) विदेशी सरकार वा अन्तराष्ट्रिय संघसंस्थाबाट प्राप्त रकम,

(ङ) नेपाली संघ–संस्था र व्यक्तिबाट प्राप्त रकम,

(च) नेपाल सरकार, प्रदेश सरकार र नेपाल राष्ट्र बैंकसंगको समन्वयमा बैंक तथा वित्तीय संस्थाबाट विपन्न बर्गमा लगानी गर्न निर्धारित रकम र अन्य रकम,

(छ) लगानीबाट असुली साँवा र ब्याज रकम,

(ज) अन्य निकाय र स्रोतबाट प्राप्त रकम,

(झ) कोषको चल तथा अचल सम्पत्तिबाट आर्जन भएको रकम,

(ञ) समितिको निर्णयबाट प्राप्त हुने अन्य रकम।

(५) विदेशी वा स्वदेशी सरकार वा संघसंस्था वा व्यक्तिबाट बस्तुगत सहायता समेत प्राप्त गर्न सक्नेछ तर विदेशी सरकार, संघसंस्था वा व्यक्तिबाट सहायता लिंदा नेपाल सरकारको पूर्वस्वीकृति लिनु पर्नेछ।

## परिच्छेद-४
## समितिको गठन, काम, कर्तब्य र अधिकार

६. समितिको गठनः (१) कोषको संचालक समिति देहाय बमोजिम हुनेछ:-

| | | | |
|---|---|---|---|
| (क) | गाउँपालिका अध्यक्ष | - | अध्यक्ष |
| (ख) | गाउँपालिका उपाध्यक्ष | - | सदस्य |
| (ग) | आर्थिक विकास समिति संयोजक | - | सदस्य |
| (घ) | सामाजिक विकास समिति संयोजक | - | सदस्य |
| (ङ) | पशु सेवा शाखा प्रमुख | - | सदस्य |
| (च) | कृषि विकास शाखा प्रमुख | - | सदस्य |
| (छ) | सामाजिक विकास शाखा प्रमुख | - | सदस्य |
| (ज) | आर्थिक प्रशासन शाखा प्रमुख | - | सदस्य |
| (झ) | प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य सचिव |

(२) आवश्यकता अनुसार विषय विज्ञलाई कोषको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

७. समितिको बैठक र निर्णयः

(१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थान आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको सदस्य सचिवले समितिको बैठक बस्ने सूचनाको साथमा बैठकमा छलफल हुने विषयको कार्यसूची सदस्यहरुलाई बैठक मितिभन्दा तीन दिन अगावै उपलब्ध गराउनु पर्नेछ तर कुनै आपतकालीन बैठक बस्नुपर्दा अल्प सूचना दिएर पनि बस्न सकिनेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा अध्यक्षले तोकेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरुको उपस्थिति भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिले गरेका निर्णायहरु समितिको अध्यक्ष र सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

८. समितिको काम, कर्तव्य र अधिकारः (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) कोषको सञ्चालन र व्यवस्थापन सम्बन्धी नीति, योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) कोषको वार्षिक तथा आवधिक कार्यक्रम र बजेट स्वीकृत गर्ने र सोको लागि आवश्यक रकमको व्यवस्था गर्ने गराउने,

(ग) कोषको उद्देश्य बमोजिम कार्यक्रम संचालन गर्न सहयोगी संस्थालाई परिचालन गर्ने,

(घ) स्वरोजगार विकास कार्यक्रम सञ्चालन गर्नको लागि प्रदान गरिने ऋण, अनुदान वा सहयोग सम्बन्धमा आधार, मापदण्ड तथा कार्यविधि तयार गरी कार्यान्वयन गर्ने गराउने,

(ङ) स्थान, क्षेत्र, व्यक्ति, परिवार वा समुदाय विशेषको बेरोजगारी मापनका आधार तथा सूचक तयार गरी सोही अनुरुप स्वरोजगार विकास कार्यक्रमको सञ्चालन, व्यवस्थापन र प्रगति सम्बन्धमा समीक्षा गर्ने,

(च) कोषसमक्ष पेश भएका योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(छ) कोषको वार्षिक लेखापरीक्षण गराउने,

(ज) कोषले वर्षभरी गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रदेश सरकार समक्ष पेश गर्ने,

(झ) कोषको सङ्गठनात्मक स्वरुप स्वीकृत गर्ने र सोबमोजिम आवश्यक दरबन्दी सृजना गर्ने,

(ञ) प्रदेशमा अवस्थित जनशक्तिहरु मध्ये बिभिन्न सरकारी तथा गैरसरकारी निकायहरुबाट तालिम प्राप्त स्वरोजगार तथा बेरोजगार जनशक्तिहरुको लगत तयार गर्ने र वार्षिक रुपमा अद्यावधिक गर्ने।

(ट) कोषको उद्देश्य प्राप्त गर्न आवश्यक अन्य कार्य गराउने।

९. सदस्यता कायम नरहनेः (१) देहायको कुनै अवस्थामा दफा ७ को उपदफा (१) को खण्ड (च) बमोजिम मनोनित सदस्यको पद रिक्त भएको मानिनेछः–

(क) मृत्यृ भएमा,

(ख) मानसिक सन्तुलन गुमेमा,

(ग) पदावधि समाप्त भएमा,

(घ) निजले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा,

(ङ) कुनै सूचना नदिई लगातार तीन पटक समितिको बैठकमा अनुपस्थित रहेमा,

(च) यस ऐनको उद्देश्य विपरीत कार्‍य गरेको वा कोषको काममा निश्क्रिय रहेको वा सहयोग नगरेको वा कोषलाई हानी नोक्सानी हुने कुनै काम गरेको वा कोष वा समितिको नीति, निर्देशन विपरीत काम गरेको आरोपमा समितिको सदस्य पदबाट हटाउन आवश्यक छ भनी समितिको कुनै सदस्यले पेश गरेको प्रस्ताव समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरुबाट पारित भएमा निजलाई पदबाट हटाउन सकिनेछ।तर, निजलाई सफाईको मौकाबाट वञ्चित गरिने छैन ।

(२) उपदफा (१) को खण्ड (ङ) को प्रयोजनका लागि प्रस्ताव पेश गर्‍ने, प्रस्तावमा छलफल गर्‍ने तथा प्रस्ताव उपर मतदान गर्‍ने सम्बन्धी कार्‍यविधि समितिले तोकेबमोजिम हुनेछ।

१०. काम कारबाही बदर नहुनेः (१) समितिको गठनमा कुनै त्रुटी भई वा कुनै सदस्यको स्थान रिक्त भई समितिमा कुनै काम कारबाही भएको भए तापनि सोही कारणले मात्र त्यस्तो काम कारबाही बदर हुने छैन।

११. उपसमिति गठन गर्न सक्नेः (१) समितिले आफ्नो कार्‍य सञ्चालन गर्नका लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएका उपसमितिको काम, कर्‍तव्य, अधिकार, कार्‍यक्षेत्र, शर्त तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

१२. अध्यक्षको काम, कर्‍तव्य र अधिकारः (१) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) कोषको उद्देश्य, समितिको निर्णय र कार्‍यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि सदस्यसचिवलाई समय–समयमा आवश्यक निर्देशन दिने,

(ख) कोषको कार्‍यक्रमको अनुगमन गर्ने गराउने,

(ग) कोषको नीति निर्माण गर्‍ने, कर्‍जा असुली र संञ्चालनको रेखदेख गर्‍ने गराउने,

(घ) आवश्यकता अनुसार समितिको बैठक बोलाउने,

(ङ) कोषलाई प्रभावकारी रुपले सञ्चालन गर्न आवश्यक अन्य काम गर्‍ने गराउने ।

## परिच्छेद–५
## सदस्य सचिवको काम, कर्‍तव्य र अधिकार

१३. सदस्य सचिवको काम, कर्तव्य र अधिकारः (१) सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) समितिको निर्णय कार्‍यन्वयन गर्‍ने, गराउने,

(ख) कोषको अल्प, मध्य र दीर्‍घकालीन योजना, वार्‍षिक कार्‍यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि समितिमा पेश गर्‍ने,

(ग) समितिबाट स्वीकृत योजना तथा कार्‍यक्रम कार्‍यन्वयन गर्‍ने गराउने,

(घ) कोषको दैनिक कार्यको सुपरीवेक्षण तथा निरीक्षण गरी कोषको उद्देश्य अनुसार आवश्यक कार्य गर्ने गराउने,

(ङ) कोषको ऋण, अनुदान, तालिम तथा सहयोगमा कार्यन्वयन गरिएका स्वरोजगार सम्बन्धी कार्यक्रमहरुको निरीक्षण गरी त्यसको प्रगतिविवरण समिति समक्ष पेश गर्ने,

(च) कोषले सञ्चालन गरेका कार्यक्रमहरुको वार्षिक तथा आवधिक प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्ने,

(छ) कोषको निम्ति आवश्यक रकम जुटाउनु आन्तरिक तथा बाह्य स्रोत परिचालन गर्ने।

(२) उपदफा (१) बाहेक कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–६

## लक्षित समूह, तालिम दिने सस्था र ऋण तथा ब्याजदर

१४. लक्षित समुह : (१) कोषको उद्देश्य बमोजिम लक्षित समुह देहाय बमोजिम हुनेछ :

(क) बैदेशिक रोजगारबाट फर्किएका युवा, युवती,

(ख) नियमित अध्ययन छाडेका शैक्षिक बेरोजगार जनशक्ति,

(ग) उद्दम गर्न चाहने तर पूजीको अभावमा कुनै पेशा व्यवसाय संचालन गर्न नसकिरहेका युवायुवतीहरु,

(घ) कुनै तालिम प्राप्त गरी बेरोजगार रहेका जनशक्ति,

(ङ) सिर्जनसिल उधमी तथा व्यवसायी,

(च) स्थानीय सिप तथा स्रोत साधन प्रयोग गरी स्वरोजगारमुलक व्यवसाय गर्ने उधमीहरु,

(छ) प्रचुर सम्भावना भएका क्षेत्रमा लगानी गर्न इच्छुक व्यक्ति वा समुह,

(ज) गाउपालिकाले तोकेका क्षेत्र, वर्ग, समुह

(झ) दफा ५ को खण्ड (ड) र (ट) मा उल्लेखित वर्ग र समुदाय

१५. व्यावसायिक तालिम दिने सस्था: व्यावसायिक तालिम दिने सस्था, बिषयवस्तु, र क्षेत्र समितिले तोके बमोजिमको हुनेछ

१६. ऋण लगानी, असुली तथा बिमा: (१) ऋण लगानी, असुली तथा बिमा सम्बन्धि अन्य ब्यवस्था समितिले तोकेबमोजिम हुनेछ ।

(२) कोषले ऋण लगानी गर्दा वा गराउदा दोहोरोपन नपर्ने गरी मात्र कर्जा लगानी गर्नु र गराउनु पर्नेछ ।

१७. ब्याजको दर र अनुदान : थोक कर्जा दिने सस्थाले अधिकतम ४% भन्दा बढी नहुने तर कोषले ऋण लिइ कर्जा प्रवाह गर्दा समितिले तोकेबमोजिम हुनेछ ।

१८. ऋण फिर्ता र कारवाही : (१) लगानी गरिएको ऋणको साँवा तथा ब्याज सम्झौतामा उल्लेख गरिए बमोजिम ऋणीले भुक्तानी गर्नुपर्नेछ ।

(२) जुन प्रयोजनका लागि ऋण लिइएको हो सोहि बमोजिमको कार्य नगरी ऋण रकमको दुरुपयोग वा हिनामिना गरेमा वा ऋण भुक्तानी नगरेमा प्रचलित कानुन बमोजिम कारवाही गरी ऋण र सोमा लागेको ब्याज, हर्जाना, दण्ड जरिवाना आदि असुल उपर गरिनेछ

(३) दफा (२) बमोजिम ऋण दुरुपयोग गर्ने ऋणीलाइ निजको नाम कर्जा कर्जा सूचना केन्द्रमा राखी ऋणीलाई हुने कारवाही गरिनेछ/ निजको नाममा स्थानीय तहबाट हुने कुनै प्रकारको सिफारीस, सुविधा वा अन्य सरकारी सहयोग उपलब्ध गराइने छैन ।

१९. बजार व्यवस्था: गाउँपालिकाले नेपाल सरकारका निकाय तथा व्यापारिक संघ/सस्था संगको समन्वयमा उत्पादित बस्तुको बजारीकरण तथा प्रवर्द्धनका लागि आवश्यक समन्वय तथा सहकार्य गर्नेछ ।

## परिच्छेद–७

## कोषको आय–व्यय, लेखा र लेखापरीक्षण

२०. कोषको आय–व्यय : (१) कोषको आय–व्ययको लेखा प्रचलित कानुन बमोजिम राख्नु पर्नेछ ।

२१. कोषको खर्चको लेखाकन : (१) यस कोष अन्तर्गत भएको खर्चको लेखा सम्बन्धित निकायले प्रचलित कानुन बमोजिम राख्नु पर्नेछ ।

(२) कोषको लेखा तथा कागजात प्रचलित कानुन बमोजिम सुरक्षित राख्नुपर्नेछ ।

(३) कुनै दातृ निकाय वा पक्षले उपलब्ध गराएको रकम वा सामाग्रीको श्रेस्ता उद्देश्य र प्रयोजन खुल्ने गरी प्रचलित कानुन बमोजिम राख्नुपर्नेछ ।

२२. लेखापरीक्षण : कोषको आय व्ययको लेखापरीक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

२३. प्रतिवेदन पेश गर्नु पर्ने : यस कोषबाट कर्जा लिने समुह र व्यक्ति तथा संघ सस्थाले सम्झौतामा उल्लेख गरिए अनुसार कर्जा लागनी तथा असुली लगाएत तोकिएको प्रगति प्रतिवेदन कोषमा पेश गर्नु पर्नेछ । कोषले समेत आफ्नो आयव्यय, सम्पति, दायित्व र वस्तुगत साहयता एव मौज्दात प्रस्ट देखिने गरी तोकिएको ढाँचामा अध्यावाधिक गरी राक्नु पर्नेछ ।

## परिच्छेद–८

## बिबिध

२४. बैठक भत्ता : समितिका सदस्यहरुको बैठक भत्ता नियमानुसारको हुनेछः–

२५. अधिकारको प्रत्यायोजन : (१) समितिले यस एन बमोजिम प्राप्त अधिकार आवश्यकता अनुसार अध्यक्ष, समितिका कुनै सदस्य वा उपसमिति वा सदस्य सचिवलाइ प्रत्यायोजन गर्न सक्नेछ ।

(२) अध्यक्षले यस ऐन बमोजिम प्राप्त अधिकारमा आवश्यकता अनुसार, उपसमिति वा सदस्य सचिवलाइ प्रत्यायोजन गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम प्रत्यायोजित गरेको अधिकार पुन प्रत्यायोजन गर्न हुनेछैन ।

२६. नियम बनाउने अधिकार : यस ऐनको उदेश्य कार्यान्वयनका लागि आवश्यक नियमावली बनाउन सकिनेछ र यसरी बनेको नियमावली नियामानुसार स्वीकृत गर्नु पर्नेछ।

२७. निर्देशिका र कार्यबिधि बनाउने अधिकार : यस एनको उदेश्य कार्यान्वयनका लागि आवश्यक निर्देशिका तथा कार्यबिधि बनाउन सकिनेछ र यसरी बनेका निर्देशिका तथा कार्यबिधि नियामानुसार स्वीकृत गर्नु पर्नेछ ।

२८. कोषको विघटन : गाउँपालिकाले कुनै मुनासिब कारण वा कोष संचालनको आवश्यकता नदेखेमा कोषको विघटन गर्न सक्नेछ ।

समाप्त